# कोषले घर मर्मत सापटी लागु गरेको र साविक प्रदान भएका घर सापटी र सरलचक्र कर्जाको सीमा वृद्धि गरिएको वारेमा समस्त सञ्चयकर्ताहरुको जानकारीको लागि

# सूचना ।

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता घर सापटी लागु भएका क्षेत्रमा निर्मित घरको २०७२ बैशाख १२ र २९ गतेको भुकम्प वा जुनसुकै कारणबाट घरको मर्मत संभार सवलिकरण, आन्तरिक सजावट, कम्पाउण्ड वाल निर्माण आदि प्रयोजनका लागि सोही घरजग्गा धितोमा राखी रु.२५ लाखमा नबढ्ने गरी बढीमा ५ बर्ष बराबरको तलबमान "सञ्चयकर्ता घर मर्मत सापटी" को रुपमा यहि २०७३ श्रावण महिनादेखि प्रदान गर्ने कार्य भैरहेको व्यहोरा सम्बन्धित सबै सञ्चयकर्ता महानुभावहरुलाई सूचित गरिन्छ । मर्मत सापटीको व्याज हाललाई ८.२५ प्रतिशत (समय समयमा परिवर्तन हुन सक्ने) कायम गरिएको छ । भुकम्प प्रभावित सञ्चयकर्ताहरुको हकमा उपरोक्त प्रचलित दरमा १ प्रतिशत छुट हुने व्यवस्था समेत गरिएको हुँदा यसबाट लाभ लिनु हुन भुकम्प प्रभावित सञ्चयकर्ताहरुलाई समेत जानकारी गराइन्छ ।

साथै, कोषले साबिकमा प्रदान गरिएको घर सापटीको सीमा धितो मूल्याङ्कनका आधारमा रु.१ करोडमा ननाघ्ने गरी नोकरी बाँकी अवधिको आधारमा बढीमा पन्ध्र बर्ष सम्मको तलबमान बराबर र सरलचक्र कर्जाको सीमा धितो मूल्याङ्कनको आधारमा रु.३० लाखमा ननाघ्ने गरी बढीमा १० बर्षको तलबमान बराबरको रकम कायम गरिएको छ । यस प्रकारका सापटी तथा कर्जाको लागि नियमित १ बर्ष कोषकट्टी भएको र २ बर्ष सेवा अवधि बाँकि भएको हुनुपर्ने छ ।

हाल थप व्यवस्था भएको घर मर्मत सापटी लगायत घर सापटी, शैक्षिक ऋण कोषको शाखा कार्यालयहरु विराटनगर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढीबाट प्रदान हुने र सरलचक्र कर्जा लगायत उपरोक्त बमोजिमका सबै सापटी ऋण/कर्जा कोषको काठमाण्डौ ठमेलस्थित यस विभागबाट प्रदान गरिने छ । विस्तृत जानकारीको लागि उपरोक्त बमोजिमका कोषका कार्यालयहरुमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

**सञ्चयकर्ता कर्जा तथा असुली विभाग**
**कर्मचारी सञ्चय कोष**
**ठमेल, काठमाण्डौ ।**